# Press Note

बारा मिति २०७५।३।३२ गते

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको आयोजनामा प्रशिक्षार्थी कनिष्ठ कार्यक्रम सहायक सहायकहरूको लागि Orientation Trainnig सम्पन्न भयो । बांके जिल्लाको कोहलपुर स्थित कृणा होटलमा २०७५ आषाढको २९ र ३० गते संचालित उक्त तालिममा संस्थामा नयां नियुक्त ३६ जना कर्मचारीहरूको सहभागीता रहेको थियो भने संस्थाका योजना अनुसन्धान तथा बजार व्यवस्थापन विभागका विभागिय प्रमुख बुद्धिराज घिमिरे तथा अनुगमन अधिकृत द्वय राजेश थापा र सुभाष दाहालले प्रशिक्षण दिनु भएको थियो । उक्त तालिममा लघुवित्त, यसका विशेषता, महत्व, अनिवार्य समुह तालिम, समुह मान्यता परीक्षण र यसको महत्व, बचत तथा कर्जा सेवाहरू, संस्थाले अवलम्वन गरेका पद्धतीहरू, केन्द्र सञ्चालन प्रकया, Credit Appraisal, लघुवित्तका समस्या तथा चुनौतीहरू, भाखा नाघेको कर्जा, यसले संस्थामा पार्ने प्रभाव, भाखा नाघेको कर्जा असुली प्रकृयाहरू, फिल्ड कर्मचारीहरूको काम कर्तव्य र अधिकार, लघुवीमा, कर्मचारी आचरण, सदस्यहरूसंग गरिने व्यवहार, अनुगमन, आ.ले.प. तथा नियमनकारी निकायबाट जारी गरिएका परिपत्र कार्यान्वियमा देखिएका समस्या र समाधानका उपायका बारेमा प्रशिक्षण तथा छलफल गरिएको थियो ।




डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Deprosc Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)
Orientation Program
To
Trainee Assistant
स्थान : कोहलपुर, बाँके